**निर्णय न १:**

यस नगरपालिकाको विधायन समितिबाट पेश हुन आएका देहाय बमोजिमका विधेयकहरु कार्यपालिका बैठकमा छलफलका लागि टेबुल गरियो । साथै सो सम्बन्धमा मिति २०७४।११।२७ गते हुने कार्यपालीकाको बैठकमा दफावार छलफल गर्ने निर्णय गरियो ।

**विधेयकहरु:**

१.प्रशासकीय कार्यविधि (नियमीत गर्ने) सम्बन्धी विधेयक

२.सहकारी व्यवस्था सम्बन्धी विधेयक

३.शिक्षा सम्बन्धी विधेयक

**निर्णय न २:**

यस नगरपालिकाको नगरसभा तथा कार्यपालीकाबाट पारित हुने ऐन,नियम,निर्देशिका,मापदण्ड,कार्यविधि,नियमावली निर्माणमा संम्लग्न भै योगदान गर्ने विषय विज्ञहरुलाई कार्यबोझको आधारमा बैठक भत्ता बाहेक दैनिक रु.२०००। (दुई हजार) पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय न ३:**

मिती २०७४।११।०६ गतेको कार्यपालीका बैठकको निर्णय अनुसार यस वीरेन्द्रनगर नगरपालीकाको नगर सभाको दोस्रो बैठक मिती २०७४ साल फाल्गुन २६ गते जिल्ला समन्वय समितिको सभा हलमा बिहान ११:०० बजे शनीबारका दिन बस्ने निर्णय भएकोमा नगर सभामा पेश गर्नुपर्ने विभिन्न कानुनहरु निर्माण प्रक्रिया जारी नै रहेकाले सो सभाको बैठक मिती २०७४।१२।०७ गते बुधबार सोहि स्थान र समयमा बस्ने निर्णय गरियो ।